## Ⅷ-5 पेन्सन

२० बर्ष भन्दा माथि र ६० बर्ष भन्दा कम उमेरका विदेशी नागरिकले जापान मा काम गर्ने बिदेशी नागरिक पनि पेन्सन तिर्नु पर्ने हुन्छ । बिदेशी नागरिक छिर्ने पेन्सन कोसेइ पेन्सन र कोकुमिन पेन्सन भन्ने दुइ थरि को पेन्न्सेन हुन्छ। सामान्य तया यो दुइ मद्ये एक मा पेन्सन छिरिन्छ ।

### 1. कल्याणकारी बीमा

२० बर्ष भन्दा माथिका ५ जना वा सो भन्दा बढी कर्मचारीले काम गरिराखेको कम्पनीले निवृत्तिभरण, पेन्सन र रास्ट्रिय बीमामा अनिवार्य सामेल हुनैपर्छ। पार्ट-टाइमर र नियमित कर्मचारीको हकमा अनिवार्य नभएर इच्छा भएमा सहभागिता जनाउन सकिने ब्यवस्था रहेको छ । बीमा प्रीमियम कम्पनीले 50% र कामदारले तलबबाट 50% रकम तिर्नुपर्ने नियम छ । रकमको दर कामदार र बोनसको मात्रामा निर्भर रहन्छ। बीमा प्रीमियमहरू कम्पनी मार्फत भुक्तान गरिन्छ।

（＊） 1 हप्तामा २० घण्टा भन्दा बढि काम

2 एक बर्ष भन्दा बढी कामको लागि

3 महिनामा ८८ हजार जापानीयान भन्दा बडी कमाई भएको

4 विद्यार्थी नभएको

5 रोजगारदाता कम्पनीमा 501 भन्दा बढी कामदार भए

उल्लेख गरिए अनुसार 1 देखि 5 सम्म भित्रका सबै बिमामा सहभागिता हुनेछन् ।

### 2. राष्ट्रिय पेन्सन बीमा

येदि तपाई कोसेइ पेन्सनको मेम्बेर हैन भने कोकुमिन पेन्सनको मेम्बेर बन्न पर्ने हुन्छ पर्छ। तपाईको आए जति भए पनि प्रतिमहिना 16,590 का दरले (2022 साल अनुसार ) तिर्नु पर्छ ।। बीमा शुल्क तिर्न कठिन छ, जस्तै पर्याप्त आम्दानी नभएको बेलामा आदि मा पेन्सन कार्येलय गयर सल्ला गरेमा, तिर्नु पर्ने रकम पछि तिर्ने वा कम तिर्ने आदि मिलाउने बेबस्था हुन्छ। थप नजिकको पेन्सन कार्येलय मा बुज्नु होला।

### 3. **पेन्सन** रकम फिर्ता

कोसेइ पेन्सन र कोकुमिन पेन्सनमा तपाई ले तिरेको पैसा निकाल्न मिल्लने बेबस्था छ। येदि तपाइले छ महिना भन्दा बेसी पेन्सन तिर्नु भएको छ र येदि तपाई कुनै कारण बस सोदेश फिर्ता हुनु भयो भने फिर्ता भएको २ वर्ष भित्र पेन्सन फिर्ताको निबेदन दिनु भयो भने पेन्सन को केहि पैसा फिर्ता हुन्छ। तर येदि तपाइले १० वर्ष भन्दा बडी पेन्सन लि सक्नु भएको छ भने तपाइले पैसा फिर्ता नपाउन सक्नु हुन्छ। थप जानकारी को लागि नजिक को पेन्सन कार्येलयमा संपर्क गर्नु होला। (परिशिष्टIX -1).